# भाग ३

## नेपाल सरकार

## भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर २२

### कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली,२०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

**२.** **कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली,२०६७ को नियम ९ मा संशोधन** : कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ को उपनियम (२) पछि देहायका उपनियम (३) र (४) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) ऐन तथा यस नियमावलीबमोजिम मुक्त कमैयालाई उपलब्ध गराइएको जग्गा नेपाल सरकारले प्रचलित कानूनबमोजिम जग्गा प्राप्ति गर्नुपर्ने भएमा मुक्त कमैयालाई सट्टाभर्ना स्वरूप अन्यत्र जग्गा उपलब्ध हुने सुनिश्चित गरी जग्गा प्राप्ति सम्बन्धी कारबाही अगाडि बढाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त भएको जग्गाको हकमा समेत उपनियम (१) र (२) बमोजिमको सर्त लागू हुनेछ।"

**३.** **<u>रूपान्तर</u>** : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "भूमिसुधार कार्यालय" भन्ने शब्दहरूको सट्टा "भूमिप्रशासन कार्यालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।